# ११ परमेश्वरले चुन्नुभएको व्यक्ति

<u>*यस अध्यायका मूल अध्यायहरू:*</u> रोमी १०, रोमी ११

<u>*यस अध्यायको मूल सार पद:*</u> **"त्यसकारण अब म यो प्रश्न गर्न चाहन्छु। के परमेश्वरले आफ्नो पिठ्युँ उहाँका जनहरूबाट फर्काउनुभयो त? अहँ फर्काउनु भएन ! म आफै पनि इस्रायली अर्थात् यहूदी जातिको हुँ। अब्राहमका सन्तानहरूमा म पनि एक हुँ। स्पष्ट रूपमा भन्ने हो भने म बेन्जामिन कूलको हुँ। (रोमी ११:१ रूपान्तरित)।**

रोमी १० र ११ यस अध्यायको विषयवस्तु हो। तर रोमी ११मा हामीले विषेश गरि ध्यान दिनेछौं। पावलले के सोचिरहेका छन् सो बुझ्न दुबै अध्यायहरू पढ्न आवश्यक छन्।

रोमीको पुस्तकमा ती दुई अध्यायहरू धेरै छलफलको मूल केन्द्रविन्दु भएको थियो र अहिले पनि छन्। तर यी दुवै अध्यायहरूमा एउटा विषय स्पष्ट रूपमा देखाइएको छ। त्यो हो परमेश्वरले मानिसहरूलाई अत्यन्त प्रेम गर्नुहुन्छ र विश्वको सारा मानवजगतले मुक्ति पाउन् भन्ने उहाँको महान् चाहना। कोही पनि जातजाति वा समूहको नाउँलाई परमेश्वरले त्याग्नुभएको छैन। परमेश्वरको सामु यहूदी र ग्रीक अर्थात् अयहूदीको बीचमा कुनै फरक छैन भनेर रोमी १०ले स्पष्ट पार्दछ। सबै मानिसहरू पापी छन्, र सबैलाई परमेश्वरको अनुग्रहको आवश्यकता छ। अनि त्यो अनुग्रह परमेश्वरले संसारलाई येशूद्वारा उपलब्ध गराउनुभएको छ। तपाईंको जन्म जातसँग यो अनुग्रहको सरोकार छैन न त तपाईं कुन देशको हुनुहुन्छ भन्नेमा छ। यो अनुग्रह फेरि तपाईंको ठूलो प्रयास, त्याग, तपस्या वा धर्मकर्म वा व्यवस्था पालन गर्नाले पाउने होइन तर येशूलाई विश्वासद्वारा ग्रहण गर्नुभएकोले तपाईंले पाउनुहुन्छ। येशू संसारका सबै पापी मानिसको सट्टामा मर्नुभयो। मानिसले गर्नुपर्ने कामहरू फरक होलान् तर मुक्तिको आधारभूत योजना कहिल्यै पनि परिवर्तन हुँदैन।

रोमी ११मा पावलले यहि विषयलाई निरन्तरता दिएकाछन्। जब परमेश्वरले कसैलाई रोज्नुभयो वा विशेष कामको निम्ति आह्वान गर्नुभयो भनेर पावल छलफल गर्दछन् त त्यो छनोट मुक्तिको लागि होइन भनेर हामीले

जान्नुपर्दछ। तर संसारमा मुक्तिको सुसमाचार पुऱ्याउने परमेश्वरको योजनामा मानिसहरूले कुन् भूमिका खेल्न सक्छन् वा कसले खेल्छन् भन्ने विषयमा पावलको ध्यानाकर्षण भएको थियो। कुनै पनि समूह मुक्ति पाउनबाट वंचित भएको छैन। कसले मुक्ति पाउँछ, कसले मुक्ति पाउँदैन भन्ने विषयमा कहिल्यै पनि प्रश्न गरिइएको छैन। येशूको पुनरुत्थान पछि मुक्तिको सुसमाचार यहूदीहरूमा मात्र सिमित नराखी संसारका सबै जात अर्थात् अयहूदीहरूमा पुऱ्याउने अभिभारा पावललाई विशेष गरेर सुम्पिएको थियो। येशूका अरू चेलाहरूले पनि गैर-यहूदीहरूकहाँ सुसमाचार पुऱ्याएका थिए। पावलको विशेष निर्देशन र प्रेरणाद्वारा सुरूका विश्वासीहरू यहूदी र अयहूदी अर्थात् सारा संसारमा सुसमाचार प्रचार गर्ने अभियानमा लागेका थिए।

## १. येशू ख्रीष्ट र परमेश्वरको व्यवस्था

**पहिले छलफल गरिइएको सबै कुरालाई ध्यानमा राखेर रोमी १०:१-४ पढ्नुहोस्। अनि यी पदहरूले तपाईंलाई के भनिरहेका छन् सो सोच्नुहोस्। वर्तमान परिप्रेक्ष्यमा पनि हाम्रा आफ्नै धर्मकर्ममा भरोसा राखेर मुक्ति पाइन्छ भन्ने सोचाई किन खतरापूर्ण हुनसक्छ? हेर्नुहोस्: "१ भाइ हो, मेरो आफ्नो हृदयको इच्छा र तिनीहरूका निम्ति परमेश्वरमा मेरो प्रार्थना यही छ, कि तिनीहरूले उद्धार पाऊन्। २ म यो गवाही दिन्छु कि परमेश्वरप्रति तिनीहरूको जोश त छ, तर यो जोश ज्ञानअनुसार छैन। ३ किनभने परमेश्वरबाट आउने धार्मिकताको विषयमा नजानेर तिनीहरूको आफ्नै धार्मिकता स्थापित गर्न खोज्दा तिनीहरू परमेश्वरका धार्मिकताको अधीनमा रहेनन्। ४ किनभने विश्वास गर्ने धर्मी ठहरिओस् भनेर ख्रीष्ट नै व्यवस्थाको अन्त्य हुनुहुन्छ।"**

संस्कारलाई विधिवत रूपमा पालन गरेर मुक्ति पाइन्छ भन्ने धारणा विभिन्न रूपमा रहस्यमय तरिकाले आउनसक्छ। कुनै त अदृश्य रूपमा अर्थात् थाहै नपाइ यो धारणाले मानिसको मनमा ठाउँ जमाएको हुन्छ। आफूप्रति आत्मविश्वास, आफ्ना असल काममा भरोसा, आफ्न जीवनशैलीमा धुक्क हुने, साबथलाई कडाईका साथ पालन गरेर आफू धर्मात्मा भएको ठान्नु, कुनै खराब काममा आफू संलग्न नभएकोले आफूलाई असल ठान्नु वा आफूले गरेका यावत असलले गर्दा आफू धर्मी भएको महसुस गर्नु जस्ता असल नियतै किन नहोस् तर त्यसले गर्दा हामी मुक्ति पाउन योग्य हुन पुगेका छौं भन्ने मनस्थिति बोक्दा हामी पनि विधिवादको पासोमा पर्न सक्छौं। हाम्रो जीवनको प्रत्येक क्षणमा यो कुरा विर्सनुहुन्न कि परमेश्वरको पवित्रतामा सहभागी हुने

काम हाम्रो पापी स्वभावका विपरित छन्। यस्तो सोचबिचारमा हामी रहन सक्षम् भयौं भने मुक्ति पाउन हामी आफैलाई होइन परमेश्वरलाई हेरेर हिंडनु पर्छ भन्ने भावनाले प्रेरित हुन्छौं। आफ्नै धर्मकर्म वा सुकर्मले मुक्ति पाइन्छ र धर्मात्मा बनिन्छ भन्ने कुनै पनि धार्मिक शिक्षा येशूको बिपरीत छन्। हामीले पाउने येशूको धार्मिकता हाम्रो प्रयासबाट होइन उहाँको अनुग्रहबाट पाउँछौं।

सम्पूर्ण रोमीको पुस्तकको मुख्य विषयवस्तुलाई रोमी १०:४ले व्याख्या गरेको पाउँछौं। यो अत्यन्त महत्वपूर्ण पद हो र कुन सन्दर्भमा यो उल्लेख गरिएको छ सो थाहा पाउन जरुरी छ। यसमा लेखिएको छः "किनभने विश्वास गर्ने धर्मी ठहरियोस् भनेर ख्रीष्ट नै व्यवस्थाको अन्त्य हुनुहुन्छ।" (रोमी १०:४)। यो पदको विषयमा थाहा पाउन यसको सुरुको अर्थ हामीले थाहा पाउनु पर्छ। धेरै यहूदीहरू आफ्नै तरिकाले परमेश्वरसँग ठीक हुन वा धर्मात्मा बन्न खोजेका थिए (रोमी १०:३ रूपान्तरित)। अनेकौं विधिविधान र संस्कारहरूलाई पालन गरेको कारण तिनीहरू धर्मी ठहरिएका थिए भनेर महसुस गरेका थिए। तर जव मसीह अर्थात् अभिषेक व्यक्तिको आगमन भयो, तब सत्य धार्मिकता भनेको के हो भनेर उहाँले देखाउनुभएको थियो। जसले येशूमाथि विश्वास गर्दछ र आफ्नो आस्थाको नजर उहाँमाथि राखिराख्दछ त्यसलाई धार्मिकता अर्थात् धर्मात्मा हुने अवसर प्रदान गरिएको थियो। पौराणिक पवित्र मन्दिरमा हुने सम्पूर्ण विधिविधान तथा धार्मिक क्रियाकलापहरूले येशूलाई औंल्याएको थियो।

फेरी कतिपय मानिसहरूले त्यो विधिविधान वा व्यवस्थामा दश आज्ञा पनि समावेश भएकोले येशूको मृत्युपछि त्यसको औचित्य पनि समाप्त भयो भनेर सोचेको पाउछौं। तर याद गर्नुहोस्, येशूले क्रुसमा गर्नुभएको कामले दश आज्ञालाई हटाइएको छैन। यो हाम्रो निम्ति नैतिक व्यवस्था हो। यो आध्यात्मिक आचारसंहिता हो। यसले हाम्रो पापलाई औंल्याउछ, र हाम्रो दोष र कमजोरीहरूलाई देखाउँद्छ।हामीलाई परमेश्वरको क्षमा चाहिन्छ, हामीलाई उहाँको धार्मिकता चाहिन्छ र मुक्तिदाताको नितान्त आवश्यक छ भनेर दश आज्ञाले हामीलाई औंल्याउँछ। तर यो सबै येशूमा मात्र पाउँछौं। यस अर्थमा येशू व्यवस्थाको अन्त्य हुनुहुन्छ भनेर बुझाउँद्छ। अर्को अर्थमा भन्ने हो भने व्यवस्थाले हामीलाई येशूतिर र उहाँको धार्मिकतामा डोऱ्याउँद्छ। युनानी अर्थात् ग्रीक भाषामा यो "अन्त्य" लाई teloes (टेलिलियोस्) भनेर उल्लेख गरिएको छ। यसको अर्थ हो लक्ष्य वा उद्देश्यमा पुग्नु हो। सारा व्यवस्था दश

आज्ञा सहितको अन्तिम लक्ष्य नै येशू ख्रीष्ट हुनुहुन्छ। व्यवस्था वा दश आज्ञाको मूल उद्देश्य वा लक्ष्य नै हामीलाई येशूतिर डोऱ्याउनु हो।

त्यसकारण यो पदलाई पढेर दश आज्ञा विशेष गरेर चौथो आज्ञाको औचित्य समाप्त भयो भन्नु अत्यन्त गलत धारणा हो। पावल र नयाँ करारका लेखकहरूले दश आज्ञालाई कहिल्यै पनि अवमूल्यन गरेका छैनन् न त हटाइएको छ भनेर सिकाउँदछन्।

**के तपाईं अरूभन्दा असल भएको मनस्थितिमा कहिल्यै पुग्नु भएको छ? अरू भन्दा असलै त होला। तर येशूको अगाडि दाँज्दा के तपाईंलाई आफूले आफैलाई स्यावासी दिन आँट आउँछ र?**

## २. अनुग्रहको चुनाव

**कतिपय मानिसहरूले साधारणतया सिकाउने शिक्षालाई रोमी ११:१-७ले सरासर कसरी असहमत जनाउँछन्? हेर्नुहोस्: "१ यसकारण म सोध्दछु, "के परमेश्वरले आफ्ना मानिसलाई परित्याग गर्नुभएको छ त?" कदापि होइन! किनकि म पनि त अब्राहामको सन्तान, बेन्यामीनका कुलको एक इस्राएली हुँ। २ परमेश्वरले पहिलेदेखि नै चिन्नुभएका आफ्ना मानिसलाई बहिष्कार गर्नुभएन। के एलियाको विषयमा पवित्र-शास्त्रले भनेको कुरा तिमीहरू जान्दैनौ? उनले इस्राएलको विरुद्धमा परमेश्वरसँग कसरी बिन्ती गर्दछन्, ३ "हे प्रभु, तिनीहरूले तपाईंका अगमवक्ताहरूलाई मारेका छन्, तपाईंका वेदीहरू भत्काइदिएका छन् र म मात्र एक्लै छोडिएको छु, र तिनीहरू मेरो प्राणको खोजीमा छन्।" ४ तर उनलाई परमेश्वरको उत्तर के छ? "बालको सामने घुँडा नटेक्ने सात हजार मानिसहरू मैले आफ्नो निम्ति राखेको छु।" ५ यसै गरी यस वर्तमान समयमा पनि अनुग्रहद्वारा चुनिएकाहरूको एक बाँकी भाग छ। ६ तर अनुग्रहबाट हो भने यो कर्मको आधारमा होइन, नत्रता अनुग्रह अझ अनुग्रह नै रहनेथिएन। ७ तब के? इस्राएलले जे खोजेको थियो त्यो पाउन असफल भयो। तर चुनिएकाहरूले त्यो प्राप्त गरे। अरू सबैचाहिँ कठोर बने।"**

"के परमेश्वरले उहाँको जनहरूबाट आफ्नो पिठ्युँ फर्काउनुभयो र?" भन्ने प्रश्नको पहिलो भागको जवाफ यहाँ दिइरहेको पाउँछौं। अवशेष वा सानो झुण्डलाई परमेश्वरले चुन्नुभएको छ र उहाँले आफ्ना जनहरूलाई तिरस्कार गर्नुभएको छैन भन्ने प्रमाण यहि हो भनेर पावलले औँल्याउँछन्। जसले ग्रहण गर्दछ मुक्ति सबैको लागि हो। आफ्नो मुक्तिको योजनामा परमेश्वरले यहूदी र

गैर-यहूदी अर्थात् म्लेच्छ वा मुक्तिको निम्ति अयोग्य भनेर कसैलाई छुट्याउनुभएको छैन।

येशूका प्रथम चेला र भक्तहरू यहूदीहरू थिए भन्ने कुरालाई हामीले बिर्सनु हुन्न। पेन्टिकोस्टको समयमा येशूलाई विश्वास गरेर आफ्नो यहूदी धर्म परिवर्तन गरेर इसाई बनेका सबै जना यहूदीहरू नै थिए। येशूको अनुग्रहमा सबैको अधिकार यहूदीमात्र होइन तर गैर-यहूदी, विदेशी वा अन्य जातीहरू बराबरीमै छ भन्ने कुरालाई बुझ्न पत्रुसले विषेश दर्शन र आश्चर्य कामको अनुभव गर्नुपरेको थियो (प्रेरित १० र १५:७-९)। गैर-यहूदी अर्थात् यहूदीहरूले म्लेच्छ वा अजात कहलाइएका मानिसहरूलाई पनि येशूको मुक्तिको अधिकार छ भनेर पत्रुसले सिक्नुपरेको थियो**रोमी ११:७-१० पढ्नुहोस्। येशूलाई अस्वीकार गरेकोले ती इस्रायलीहरूलाई परमेश्वरले जानाजानी अन्धा बनाउनु भयो भनेर के पावलले यहाँ भनिरहेका छन् त? यस्ता तर्क किन गलत छन्? हेर्नुहोस्: "७ तब के? इस्राएलले जे खोजेको थियो त्यो पाउन असफल भयो। तर चुनिएकाहरूले त्यो प्राप्त गरे। अरू सबैचाहिँ कठोर बने, ८ जस्तो लेखिएको छः "परमेश्वरले तिनीहरूलाई चेतनाहीन आत्मा दिनुभएको छ। यस्ता आँखा दिनुभएको छ जसले नदेखून् र यस्ता कान जसले नसुनून्, र आजको दिनसम्म पनि तिनीहरू यस्तै छन्", ९ र दाऊद भन्छन्, "तिनीहरूको भोज पासो र धराप बनोस्, एउटा भङ्खालो र तिनीहरूलाई बदला दिने कुरो होस्। १० तिनीहरूका आँखा नदेख्नलाई धमिला होऊन्, र तिनीहरूका ढाड सधैं कुप्रा भइरहून्।"**

पावलले ती पदहरू पुरानो नियमबाट उतारेका थिए। पुरानो करार परमेश्वरको आधिकारिक वचन हो भनेर यहूदीहरूले स्वीकार गरेका थिए। परमेश्वरले इस्रायलीहरूलाई निदाउने आत्मा दिनुभयो ताकि तिनीहरू सुन्न र देख्न नसकुन्। तिनीहरूको त्यो अवस्थालाई तिनीहरूले बुझोस् भनेर पावलले ती पदहरूलाई उपयोग गरेका थिए। तर के परमेश्वरले मानिसहरूलाई यसरी अन्धा बनाउनुहुन्छ जसले गर्दा तिनीहरूले आत्मिक ज्योति नदेखुन्, जुन ज्योतिले मानिसलाई मुक्तितिर डोऱ्याउँछ? अहँ ! यो कदापी होइन। पावलले भन्न खोजेको मनसाय यो हुँदैहोइन। यी पदहरूलाई बुझ्न हामीले रोमी ९ अध्यायमा व्याख्या गरेकोतिर फर्कनुपर्दछ। कुनै निश्चित व्यक्ति र समूहको मुक्तिको बारेमा पावलले छलफल गरिरहेको थिएन। पूरै रूपमा कुनै समूहलाई पनि मुक्तिको सहभागी हुनबाट परमेश्वरले अलग राख्नुभएको छैन। तर मुक्तिमा सहभागी हुन र अरूलाई सहभागी गराउन परमेश्वरले खटाउनु भएको

काम ती मानिसहरूले कसरी गर्छन्, त्यसमा भर पर्छ भनेर पावलले औँल्याउन खोजेको पाउँछौं।

**समुहगत रूपमा वा कुनै जातिलाई औँल्याएर मुक्ति दिन परमेश्वर अस्वीकार गर्नुहुन्छ भन्ने धारणा किन गलत छ? यो सुसमाचारको पुरा शिक्षादीक्षाको किन विपरित छ, जसले सारा मानव जातिको निम्ति येशू पर्नुभयो भनेर सिकाउँछन्? यहि गलत धारणाले गर्दा विश्वको इतिहासमा कतिपय इसाईहरूले यहूदीहरूलाई अन्यायपूर्वक व्यवहार गरेको पाउँछौं।**

## ३. प्राकृतिक वा स्वाभाविक हाँगा

**रोमी ११:११-१५मा हामीलाई के महान् आशा पावलले प्रस्तुत गरेका छन्? हेर्नुहोस्: "११ यसकारण म सोध्दछु, "के लोट्नलाई तिनीहरूले ठक्कर खाएका हुन्?" कदापि होइन! तर इस्राएलको अपराधद्वारा अन्यजातिहरूमा मुक्ति आएको छ, ताकि इस्राएल पनि मुक्तिको निम्ति डाही बनोस्। १२ अब यदि तिनीहरूको अपराध संसारको निम्ति सम्पत्ति र तिनीहरूको असफलताचाहिँ अन्यजातिहरूका निम्ति सम्पत्ति हुने हो भनेता तिनीहरूको पूर्ण समावेश झन् कति अर्थपूर्ण होला! १३ अब तिमी अन्यजातिहरूलाई भनिरहेछु। अन्यजातिहरूको प्रेरित भएको हुनाले म मेरो सेवालाई महत्त्व दिँदछु, १४ यस आशामा कि मेरो आफ्नै यहूदी जातिलाई डाही बनाउन सकूँ, र तीमध्ये कसै-कसैलाई बचाउन सकूँ। १५ किनकि यदि तिनीहरूको बहिष्कार हुँदा संसारको निम्ति मिलाप भयो भने, के तिनीहरूको पुनःग्रहण मृत्युबाट जीवन पाएको समान होइन र? "**

दुईवटा एउटै खालका भावनाहरू ती पदहरूमा व्यक्त गरेको हामीले पाउँछौं: (१) "तिनीहरू वा इस्रायलीहरूको पूर्णता" (पद १२), र (२) "तिनीहरूलाई पुनःग्रहण" (पद १५)। यहूदीहरूलाई तिनीहरूकै चाहनामा केहि समय छोड्ने र पछि तिनीहरूलाई पूर्ण रूपमा ग्रहण गर्ने भनेर पावलले कल्पना गरेका थिए। यस अध्यायको सुरूमा गरिएको प्रश्नको यो दोश्रो जवाफ थियो। त्यसमा सोधिएको थियो: "के परमेश्वरले आफ्ना जनहरूबाट आफ्नो पिठ्युँ फर्काउनुभयो?" (रोमी ११:१ रूपान्तरित)। झट्ट हेर्दा परमेश्वरले आफ्नो चुनिएको जातिलाई नसमेटेको जस्तो देखिन्छ तर यो छोटो समयको निम्ति मात्र थियो भनेर पावलले भनेको पाउँछौं।

**रोमी ११:१६-२४मा पावलले हामीलाई के भनीरहेको छ? हेर्नुहोस्: "१६ यदि मुछेको पीठोको एक अंश प्रथम-भेटीको रूपमा अर्पण गरिएको छ**

**भने, समस्त ढिका पवित्र हुन्छ। यदि जरा पवित्र छ भने हाँगाहरू पनि पवित्र हुन्छन्। १७ तर यदि कुनै हाँगाहरू काटिए र असल जैतूनको जराको रस-भण्डारमा सहभागी हुनलाई तिमी एक जङ्गली जैतून भएर पनि तिनीहरूको ठाउँमा कलमी बाँधियौ भने, १८ ती हाँगाहरूका सामु घमण्ड नगर। यदि घमण्ड नै गर्नु हो भने, यो याद राख, कि जरालाई थाम्ने तिमी होइनौ, तर जराले पो तिमीलाई थाम्छ। १९ तिमी भन्नेछौ, "म कलमी बाँधिन सकूँ भनेर नै हाँगाहरू काटिएका थिए।" २० ठीकै हो, तिनीहरूको अविश्वासले गर्दा नै हाँगाहरू काटिएका हुन्। तिमीहरूचाहिँ तिम्रो विश्वासले मात्र खड़ा छौ। घमण्ड नगर, तर श्रद्धापूर्ण भय राख। २१ किनभने यदि परमेश्वरले स्वाभाविक हाँगाहरूलाई बाँकी राख्नुभएन भनेता तिमीलाई पनि बाँकी राख्नुहुनेछैन। २२ यसकारण परमेश्वरको दया र कठोरतालाई ध्यानमा राख– पतन भएकाहरूमाथि कड़ा व्यवहार, तर उहाँकै दयामुनि रहिरह्यौ भने तिमीलाई परमेश्वरको दया देखाइनेछ, नत्रता तिमी पनि काटिनेछौ। २३ तिनीहरू पनि अविश्वासमा ढीट भएर बसेनन् भनेता कलमी बाँधिनेछन्। किनभने परमेश्वरले तिनीहरूलाई फेरि पनि कलमी बाँध्न सक्नुहुन्छ। २४ किनभने यदि तिमी प्राकृतिक जङ्गली जैतून भएर पनि काटियौ र प्रकृतिको विरुद्ध एउटा असल जैतूनको बोटमा कलमी बाँधियौ भनेता यी प्राकृतिक हाँगाहरू आफ्नै निज जैतूनकै रूखमा झन् कति बढ़ी कलमी बाँधिएलान्।"**

एउटा हरियो जैतुन अर्थात् ओलिभको रूखसँग इस्रायलमा भएको सानो विश्वासी झुण्डलाई पावलले तुलना गरेको पाउँछौं। केहि रूखका हाँगाहरू भाँचिएका छन्। अर्थात् केहि मानिसहरू विश्वासबाट हटेका छन्। तर परमेश्वरको स्वइच्छाले ती हाँगाहरू भाँचिएका होइनन् किनभने जरा र रूख अझै पनि त्यहिँ छन् अर्थात् ती आफ्ना जनहरूलाई परमेश्वरले बहिष्कार गर्नुभएको छैन भनेर पावलले यस उदाहरणबाट चित्रण गरेको पाउँछौं।

तर त्यस रूखमा विश्वासी गैर-यहूदीहरू कलमीद्वारा जोडिएको छ। जीवनको पानी र रस त्यहि रूख र जराबाट तिनीहरूले पाइरहेकाछन्। यस तर्कले यो बताउँछ, कतिपय यहूदीहरूले येशूको विश्वासमा रहने अवसर गुमाउनु पर्ने आवश्यकता छैन।

तर ती यहूदीहरू जसले येशूलाई अस्वीकार गर्दा तिनीहरूको के गति भयो त्यही गति अयहूदी विश्वासीहरूलाई पनि हुनसक्छ। येशूलाई एक फेरा विश्वास गरेपछि वा बप्तिस्मा लिएपछि सदाको निम्ति मुक्ति सुरक्षित हुन्छ भन्ने गलत सिद्धान्त बाइबलले सिकाउँदैन। जसरी परमेश्वरले मुक्तिलाई सित्तैंमा

मानिसहरूलाई प्रदान गर्नुभएको छ त्यसरी नै मानिसहरूले आफ्नो आत्मनिर्णयको आधारमा त्यसलाई अस्वीकार पनि गर्न सक्छन्। हरेक पल्ट हामी भूल गर्दा वा पापमा पर्दा हामी मुक्तिबाट पन्छिएका हुन्छौं वा हामी सिद्ध नभएकोले हामीले उद्धार पाउँदैनौं भन्ने धारणा देखि हामी होसियार हुनुपर्दछ। तर परमेश्वरले एक फेरा अनुग्रह हामीलाई दिनुभयो भने त्यो अनुग्रहले हामीलाई सदा छोप्छन्, त्यस अनुग्रहको छत्रछायाँमा बस्दा हामीले केही गर्नुपर्दैन, हामीले आफैले केही निर्णय गर्न सक्दैनौं र हामीले पाएको मुक्तिलाई कसैले पनि छिनाल्न सक्दैन भन्ने उल्टो तर्कबाट पनि सतर्क हुनुपर्दछ। अन्तमा जसले परमेश्वरको चाहना अनुसार निरन्तररूपमा जो चल्छ त्यसले मात्र मुक्ति पाउँछ भन्ने कुरामा हामी निश्चित हुनुपर्दछ (रोमी ११:२२ रूपान्तरित)।

आफ्नो काममा वा भलाईमा विश्वस्तभएर अरूभन्दा असल वा धर्मात्मा छु भन्ने भावनाले येशूभक्तहरू आत्मगौरवले कहिल्यै पनि फुल्नुहुँदैन। म नियमितरूपमा चर्च जान्छु, दशांस भेटी दिन्छु अरूभन्दा असल र धर्मात्मा छु, मैले बाइबलको वचन अक्षरस पालन गरेको छु, त्यसकारण म अरूभन्दा राम्रो छु भन्ने मनस्थिति हामीले बोक्नुहुन्न। हामीले पाउने मुक्ति हाम्रो दुःख वा प्रयासले पाउने होइन। यो परमेश्वरको बरदान हो। उपहार हो। क्रुसको सामु वा परमेश्वरको पवित्रताको आदर्शमा हामी सबै समान छौं। उहाँको अगाडि पुरुष, स्त्री, देशीविदेशी बालबालिका सबै बराबर छन्, समान छन्। परमेश्वरले कसैलाई भेदभाव गर्नुहुन्न। हामी सबै जना पापी छौं र परमेश्वरको दया र पवित्रताको आवश्यक छ। तर ती आवश्यकता केवल उहाँको अनुग्रहलेमात्र हाम्रो हुनसक्छ। हामीले घमण्ड गर्नुपर्ने कुनै कुरा पनि छैन। यदि हामी घमण्ड गर्नचाहन्छौं वा गौरब गर्न चाहन्छौं भने केवल येशूमा मात्र गर्नुपर्छ जो मानिसलाई पापबाट उद्धार गर्न मानिसको रूप लिएर यस संसारमा आउनुभयो। हामीले पाउनुपर्ने दुःख उहाँले भोग्नुभयो। हाम्रो पापको निम्ति उहाँ मर्नुभयो। हामीले कस्तो जीवन बिताउनुपर्छ भनेर देखाउन उहाँ हाम्रो आदर्श व्यक्ति हुनुभयो। यदि हामी उहाँको आदर्श, निर्देशन वा अगुवाईमा हिंड्न राजी भयौं भने त्यस अनुसार चल्न हामीलाई शक्ति दिन उहाँले वाचा बाँध्नुभएको छ। निचोडमा भन्ने हो भने हामी पूर्ण रूपमा उहाँमाथि भर पर्नु पर्दछ र उहाँमाथि भरोसा राख्नुपर्दछ। येशूबिना यस संसारले दिने आशाभन्दा अरू केही छैन।

## ४. सबै इस्राएलीहरूले मुक्ति पाउनेछन्

**पावलले रोमी ११:२५-२७मा के महान् घट्नाहरू हुनेछन् भनेर भविष्यवाणी गरेका छन्? हेर्नुहोस्: "२५ भाइ हो, आफ्नै अभिमानमा तिमीहरू बुद्धिमान् हुन खोज्छौ कि भनेर तिमीहरू यो रहस्य बुझ भन्ने म चाहन्छु, कि अन्यजातिहरूको संख्या पूर्ण नभएसम्म इस्राएलीहरूको एक अंशमा कठोरता आएको छ। २६ यसरी सारा इस्राएलको उद्धार हुनेछ, जस्तो लेखिएको छः "उद्धारक सियोनबाट आउनुहुनेछ, उहाँले याकूबबाट अधर्म हटाउनुहुनेछ।" २७ "अनि तिनीहरूसँग मेरो करार यही हुनेछ, जब म तिनीहरूका पाप हरण गर्नेछु।"**

**रोमी ११:२५-२७मा** पावलले व्यक्त गरेका ती भनाइहरूलाई लिएर इसाईहरूले सयौं वर्षसम्म छलफल र बादविवाद गरिरहेकाछन्। तर केही विषयबस्तुहरू स्पष्ट छन्। यहाँ उल्लेख गरिएका केहि स्पष्ट छन्। प्रथमतः परमेश्वरले यहूदीहरूतिर आफ्नो हात बढाइरहननुभएको कुरालाई ख्याल गर्नुपर्छ। यस अध्यायको सुरूमा पावलले उठाएको प्रश्नको जवाफ यहाँ हामी पाउँछौं: "के परमेश्वरले आफ्ना जनहरूको खिलाफमा आफ्नो पिठ्युँ फर्काउनुभयो त?" यसमा पावलको जवाफ छ, "अहँ, कदापी छैन।" उनले यसरी वाख्या गर्दछन्: (१) अन्धकार वा कठोरता (ग्रीक शब्दमा porosis-पोरोसिक) केवल केहि अंशमा मात्र थियो। र (२) यो केवल छोटो समयको लागि मात्र थियो, "जब अयहूदीहरूले पूर्णता पाउनेछन्।"

"जब अयहूदीहरूले पाउने पूर्णता" भनेको के हो त? यसको अर्थ सारा संसारमा सुसमाचार सुनाउने येशूको आदेश पूरा **भएको भनेर कतिपयले तर्क गर्दछन्।** " अयहूदीहरूको पूर्णता" भनेको नै येशूको सुसमाचार सारा संसारमा प्रचार गरिने काम पूरा हुनु हो। येशूमा इस्रायलीहरूले देखाएको विश्वास र आस्था सारा संसारमा फैलिन्छ। सारा संसारमा सुसमाचार प्रचार गरिएको हुन्छ। येशूको आगमन नजिक हुन्छ। यस बेला धेरै यहूदीहरू येशूकहाँ आउन थाल्नेछन्।

अर्को वुझ्न गाऱ्हो वाक्यचाहीँ "सारा इस्रायलीहरूले उद्धार पाउनेछन्।" (रोमी ११:२६)। संसारको अन्तमा प्रत्येक यहूदीहरूले परमेश्वरको केही आदेश अनुसार मुक्ति पाउनेछन् भनेर हामीले सोच्नुहुँदैन। कुनै विषेश समूह वा सारा मानव जातले स्वःत मुक्ति पाउनेछन् भनेर बाइबलले सिकाउँदैन। "तिनीहरूमा कोहीले मुक्ति पाओस्" भन्ने पावलको चाहना थियो (रोमी ११:१४)। कुनै यहूदीले येशूलाई मसीह भनेर स्वीकार

गरे तर कसैले इन्कार गरे। येशूलाई मसीह मान्ने वा नमान्ने आत्मनिर्णयको अधिकार केवल यहूदी जातमा मात्र सिमित नभएर संसारको सबै जातिहरूलाई पनि दिइएको छ।

रोमी ११मा टिप्पणी गर्दै एलेन जी ह्वाइट भन्नुहुन्छ "जब संसारमा सुसमाचारको प्रचार गर्ने काम पूरा हुन्छ तब धेरै यहूदीहरू विश्वासको आधारमा येशूलाई मुक्तिदाता भनेर ग्रहण गर्नेछन्।"-द आक्टस् अभ आपोस्टल्स्, पृ. ३८१बाट रूपान्तरित।

"हाम्रो संसारमा ठूलो काम गर्न अझै बाँकि नै छन्। अयहूदीहरू अर्थात् यहूदीहरूले म्लेच्छ ठानेकाहरू स्वर्गको राज्यमा समावेश गरिनेछन् भनेर उहाँले घोषणा गर्नुभएको छ। ती अयहूदीहरूमात्र होइन, यहूदीहरूले पनि यो अवसरमा सहभागी हुनेछन्। धेरै यहूदीहरू छन् जो आफ्नो आस्थालाई परिवर्तन गरेर येशूमा लाग्नेछन्। दियोबाट निस्केको अत्यन्त उज्यालो बत्ती झैं उनीहरूबाट परमेश्वरको मुक्तिको सुसमाचार फैलिनेछन्। यहूदीहरू सर्वत्र छन्। वर्तमान सत्यको ज्योति तिनीहरूकहाँ पुर्‍याइनु पर्दछ। तिनीहरूमध्ये धेरै येशूको ज्योतिमा आउनेछन्। तिनीहरूबाट नै शक्तिसालि तवरले परमेश्वरको व्यवस्था अटल छ भनेर प्रचार गरिनेछ।"-एलेन जी ह्वाइट, इभान्जलिजम्, पृ. ५७८बाट रूपान्तरित।

**इसाईहरूले पाएको शिक्षादीक्षामा यहूदीको शिक्षादीक्षाका जराहरू कसरी गाडिएकाछन्, यसबारे सोच्नुहोस्। ध्यानपूर्वक यहूदी धर्मको अध्ययन गर्दा इसाई शिक्षादीक्षालाई राम्ररी बुझ्न तपाईंलाई कसरी सघाउँछन्?**

## ५. पापीहरूको निम्ति मुक्ति

आफ्नो जातिका मानिसहरूप्रति कस्तो स्नेह रहेछ भनेर पावलले रोमी ११:२८-३६ स्पष्ट रूपमा वर्णन गरेको पाउँद्छौं। कतिपय आफ्नै मानिसहरूले पावल र सुसमाचारको खिलाफमा कडा विरोध गर्दा उसको मन कति रोयो होला? यद्यपि ती सबैको बीचमा, धेरै यहूदीहरूले येशूलाई मसीह हुन् भनेर स्वीकार्नेछन् भन्ने कुरामा उनी विश्वस्त थिए।

**यहूदी जातिहरूको निम्ति मात्र होइन संसारका सारा मानिसहरूलाई परमेश्वरको प्रेम कस्तो थियो भनेर रोमी ११:२८-३६मा पावलले उल्लेख गर्दछन्? परमेश्वरको अनुग्रहको आश्चर्यपूर्ण र रहस्यमय शक्तिलाई पावलले कसरी देखाएको हामी पाउँछौं? हेर्नुहोस्: "२८ सुसमाचारको हिसाबले त तिनीहरू तिमीहरूका खातिर परमेश्वरका शत्रुहरू हुन्, तर चुनाउको हिसाबले**

**चाहिँ पूर्वजहरूका खातिर तिनीहरू प्रियहरू हुन्। २९ किनभने परमेश्वरका वरदान र बोलावट अटल छन्। ३० किनकि जसरी तिमीहरू पनि एक पल्ट परमेश्वरको आज्ञापालन नगर्नेहरू थियौ, तर अब तिनीहरूको अनाज्ञाकारिताले गर्दा तिमीहरूले कृपा पाएका छौ। ३१ तिमीहरूलाई कृपा देखाइएकोले गर्दा तिनीहरूले पनि कृपा प्राप्त गरून् भनी तिनीहरू अहिले अनाज्ञाकारी भएका छन्। ३२ किनभने परमेश्वरको कृपा सबै मानिसहरूमाथि होस् भनेर उहाँले सबैलाई अनाज्ञाकारितामा नै सुम्पनुभएको छ। ३३ आहा! परमेश्वरको वैभव र बुद्धि र ज्ञान कति गहिरो! उहाँका इन्साफहरू कति अगम र उहाँका मार्ग बुझ्न नसकिने! ३४ "किनभने प्रभुको मनलाई कसले जानेको छ? अथवा उहाँको सल्लाहकार को भएको छ?" ३५ "अथवा, कसले उहाँलाई कुनै उपहार दिएको छ र परमेश्वरले उसलाई फिर्ता दिनुपरोस्?" ३६ किनकि सबै थोक उहाँबाट, उहाँद्वारा र उहाँकै निम्ति हुन्। उहाँलाई नै सदासर्वदा महिमा होस्। आमेन।"**

हुनतः यी पदहरूले यहूदी र अयहूदीहरूको बीचमा भिन्नतालाई स्पष्ट रूपमा देखाएको हामी पाउँछौं। तर एउटा कुराचाही स्पष्ट छः परमेश्वरको कृपा, प्रेम र अनुग्रह सारा पापीहरुको निम्ति खन्याइएका छन्। अरू मानिसहरू वा सारा राष्ट्रहरूलाई प्रयोग गरेर मानिसहरूलाई मुक्ति दिने परमेश्वरको योजना संसारको उत्पत्ति हुनुभन्दा अघि नै थियो।

**रोमी ११:३१ प्रार्थना र ध्यानपूर्वक पढ्नुहोस्। यहूदीहरूलाई मात्र होइन जसलाई हामीले भेट्दछौं तिनीहरूलाई पनि मुक्तिको सन्देश सुनाउन हामीलाई खटाउनुभएको छ र त्यस अनुसार चलेर हाम्रो जीवनशैलीद्वारा परमेश्वरको निम्ति साक्षी बोक्नुपर्छ भनेर त्यस पदले कसरी बताउँछ?** हेर्नुहोस्: **" तिमीहरूलाई कृपा देखाइएकोले गर्दा तिनीहरूले पनि कृपा प्राप्त गरून् भनी तिनीहरू अहिले अनाज्ञाकारी भएका छन्।"**

यदि विश्व इतिहासमा हेर्ने हो भने इसाई चर्चले यहूदीहरूलाई सद्व्यवहार गरेको भए, उनीहरूमध्ये धेरैले येशूलाई मसीह भनेर स्वीकार गर्दथे होलान्। सुरूमा धेरै इसाईहरू येशूको मौलिक शिक्षादीक्षाबाट फर्केर गएका थिए। धेरै स्थानीय धर्मका संस्कार र धारणाहरूलाई इसाई धर्मगुरूहरूले समावेश गर्न थालेका थिए। त्यहि क्रममा सूर्यलाई पूजा गर्ने दिन आइतबारलाई मानेर परमेश्वरले अऱ्हाउनुभएको हप्ताको सातौं दिन साबथलाई नमान्न पनि इसाई धर्मगुरुहरूकै अग्रसरतामा भएको थियो। ती कारणहरूले गर्दा नै येशूतर्फ आकर्षक हुन यहूदीहरूलाई गाऱ्हो भएको थियो।

येशूमा यहूदीहरूलाई खन्याइएको परमेश्वरको कृपा सारा इसाईहरूले थाहा पाउन अत्यन्त जरुरी छ। ती इसाईहरूले पनि अरूलाई कृपा देखाउन आवश्यक छ। यदि हामी इसाई भन्छौं तर अरूलाई कृपा देखाउन सक्दैनौं भनेर इसाईको नाउँमा हामीले आफूले आफैलाई धोका दिइरहेका हुन्छौं (हेर्नुहोस्ः मत्ती १८ः२३-३५ "१८ "साँच्चै, म तिमीहरूलाई भन्दछु, तिमीहरूले पृथ्वीमा जे बाँध्छौ, त्यो स्वर्गमा बाँधिनेछ। अनि तिमीहरूले पृथ्वीमा जे फुकाउँछौ त्यो स्वर्गमा फुकाइनेछ। १९ "फेरि म तिमीहरूलाई भन्दछु, पृथ्वीमा तिमीहरूमध्ये दुई जना कुनै कुरामा सहमत भई केही माग्यौ भने, त्यो स्वर्गका मेरा पिताद्वारा तिमीहरूका निम्ति हुनेछ, २० किनकि जहाँ दुई कि तीन जना मेरो नाउँमा भेला हुन्छन्, त्यहाँ म तिनीहरूका माझमा हुनेछु।" २१ तब उहाँकहाँ आएर पत्रुसले भने, "प्रभु, मेरो भाइले कति पल्ट मेरो विरुद्धमा अपराध गरे मैले त्यसलाई क्षमा गर्ने? के सात पल्टसम्म?" २२ येशूले तिनलाई भन्नुभयो, "म तिमीलाई भन्दछु, सात पल्ट होइन, तर सत्तरी गुणा सात पल्ट। २३ "यसैकारण स्वर्गको राज्य एउटा राजासँग तुलना गर्न सकिन्छ, जसले आफ्ना नोकरहरूसँग हिसाब लिने इच्छा गरे। २४ जब तिनले हिसाब लिन लागे, दश हजार सुनका सिक्का ऋण लिने एक जना तिनीकहाँ ल्याइयो। २५ तर त्यस मानिसले तिर्न नसक्दा त्यसका मालिकले त्यसलाई र त्यसका पत्नी र छोरा-छोरी र त्यसका सबै थोक बेची ऋण चुकाउने हुकुम दिए। २६ "तब त्यस नोकरले घुँडा टेकी तिनका पाउमा परेर भन्न लाग्यो, 'मालिक, ममाथि धैर्य गर्नुहोस्, म तपाईंको सबै ऋण चुकाउनेछु।' २७ तब त्यस नोकरका मालिकले टिठ्याएर त्यसलाई छोडिदिए, र त्यसको ऋण माफी गरिदिए। २८ "तर त्यस नोकरले निस्केर जाँदा आफ्नो सङ्गी-नोकरहरूमध्ये एक जनालाई भेट्यो, जो त्यसको एक सय चाँदीका सिक्काको ऋणी थियो। उसलाई घोक्रोमा पक्रेर त्यसले भन्यो, 'तेरो ऋण तिरिहाल्।' २९ "तर त्यसको सङ्गी-नोकरले घोप्टो परेर त्यसलाई बिन्ती गर्‍यो, 'ममाथि धैर्य गर, म तिमीलाई सबै तिरिदिनेछु।'

३० "तर त्यो मानेन, र गएर ऋण नतिरुञ्जेलसम्म उसलाई झ्यालखानमा हालिदियो। ३१ त्यसका सङ्गी-नोकरहरूले यी सब देखे र तिनीहरू अति दुःखित भए। तिनीहरूले गएर यी सब घटना आफ्ना मालिकलाई बताइदिए। ३२ "तब मालिकले त्यस नोकरलाई आफूकहाँ बोलाएर भने, 'ए दुष्ट नोकर, तैंले मसँग बिन्ती गरिस्, र मैले तँलाई तेरो ऋण माफी गरिदिएँ। ३३ मैले तँमाथि दया गरेझैं तैंले पनि तेरो सङ्गी-नोकरमाथि

दया गर्नुपर्नेथिएन?' ३४ तब त्यसका मालिकले क्रुद्ध भएर त्यसलाई सबै ऋण नतिरुञ्जेल दण्ड दिनेहरूका हातमा सुम्पिदिए। ३५ "तिमीहरूले आफ्नो भाइलाई आफ्नो हृदयदेखि क्षमा गरेनौ भने, स्वर्गमा हुनुहुने मेरा पिताले पनि तिमीहरूसँग त्यसै गर्नुहुनेछ।" )।

**तपाईंको जीवनमा त्यस्ता कोहि व्यक्ति छन् जो कृपापात्र छन् तर कोहि व्यक्ति यस्ता छन् जो कृपाको अयोग्य छन्? जतिसुकै कठिन भए पनि त्यसलाई तपाईंले किन कृपा देखाउन नखोज्ने? येशूले हाम्रो निम्ति यही गर्नुभएको होइन र?**

## उपसंहारः

थप जानकारीको निम्ति एलेन जी ह्वाइटद्वारा लिखित यी सामग्रीहरू पढ्नुहोस्ः *द आक्टस् अभ आपोस्टल्स*मा उल्लेखित पृ. ७७-७९को "बिफोर द सानहिड्रिन", पृ. ११२-११४को "फ्रम पर्सक्युटर टु डिसाइपलस्," पृ. ४७४,४७५को "रिटन फ्रम रोम," *इभान्जलिजम*मा उल्लेखित पृ. ५७३-५७७को "रिचिङ्ग क्याथोलिकस्," र *सेलेक्टेड मेसेजज्*, बुक १मा उल्लेखित पृ. १५५,१५६को "ह्वाट टु प्रिच एण्ड ह्वाट नट टु प्रिच"।

"परमेश्वरको निम्ति सारा संसारमा ज्योति हुने अवसर पाएका इस्रायली राज्य वा यहूदी जात असफल भए। यद्यपि, थोरै भएपनि परमेश्वरको निम्ति निष्ठावान र आस्थावान भएका यहूदीहरूले मुक्तिको साझेदार हुने अबसर पाउनेछन्। येशूको प्रथम् आगमनमा यस्ता केहि विश्वासी पुरुष र महिलाहरू थिए जसले बप्तिस्मा दिने यूहन्नाको सुसमाचारलाई सहर्षसाथ ग्रहण गरेका थिए। अनि, मसीहको आगमनको बारेमा लिखित भविष्यवाणीहरू अध्ययन गर्न तिनीहरू डोऱ्याइएका थिए। जब इसाई चर्च सुरू भए तब केहि निष्ठावान यहूदीहरूले नासरथको येशूलाई मसीह भनेर स्वीकारेका थिए। तिनीहरू येशूको प्रथम् आगमनको प्रतिक्षामा थिए।"-एलेन जी ह्वाइट, *द आक्टस् अभ आपोस्टल्स*, पृ. ३७६-७७बाट रूपान्तरित।

"टार्ससका सावल (पावल) जस्तै केहि यस्ता यहूदीहरू छन् जो पवित्र धर्मशास्त्र बाइबलका धुरन्धर विद्यार्थीहरू छन्। अनि तिनीहरूले परमेश्वरको व्यवस्थाको अपरिवर्तनीय स्वभावको बारेमा प्रभावकारी रूपमा प्रचार गर्नेछन्।....जसरी येशूका भक्तहरूले ती पाखा लगाइएका र वेवास्ता गरिएका यहूदीहरूको बीचमा विश्वाससाथ परिश्रम गर्दछन् तब तिनीहरूलाई येशूले दिने

मुक्ति प्रकट गरिनेछ।"- एलेन जी ह्वाइट, *द आक्टस् अभ आपोस्टल्स,* पृ. ३८१बाट रूपान्तरित।

"सुसमाचार प्रचारगर्ने अन्तिम समयमा वेवास्ता गरिएका जनहरूको निम्ति विषेश काम गरिनुपर्नेछ। ससारमा छरिएर रहेका यहूदीहरूप्रति विशेष चासो देखाइउन् भनी परमेश्वरले आफ्ना सुसमाचार सुनाउने जनहरूसँग अपेक्षा गर्नुहुन्छ। यहोवाको अनन्त लक्ष्य पूरा गर्न पुरानो करारसँग नयाँ करारका पदहरू मिलाएर तिनीहरूलाई सिकाउनुपर्दछ। धेरै यहूदीहरूको निम्ति त्यो सन्देश नयाँ सृष्टि सुरूभएको जस्तो ठान्नेछन्। तिनीहरूको आत्माले पुनरुत्थान भएको महसुस गर्नेछन्। जब पुरानो करारको इतिहासलाई नयाँ करारले व्याख्या गरेको तिनीहरूले थाहा पाउनेछन् तब तिनीहरूको सुतिरहेको आत्मिक दिमाग जाग्नेछन् र तिनीहरूले येशू ख्रीष्ट संसारको मुक्तिदाता हुन् भनेर चिन्नेछन्। धेरैले येशूलाई विश्वास गरेर उहाँ तिनीहरूका मुक्तिदाता हुन् भनेर उहाँलाई ग्रहण गर्नेछन्।"- एलेन जी ह्वाइट, *द आक्टस् अभ आपोस्टल्स,* पृ. ३८१बाट रूपान्तरित।

**चिन्तनमननः-**

१. जब अन्तिम दिनहरूमा परमेश्वरको व्यवस्था विशेष गरेर साबथको बारेमा मानिसहरूले विशेष ध्यान दिनेछन् त्यसबेला एडभेन्टिस्टहरू जस्तै धेरै यहूदीहरू दश आज्ञाहरूको बारेमा गम्भिर हुनेछन् र संसारको सामु साबथ र अरू केही विषयहरूलाई स्पष्ट पार्न सहयोग गर्नेछन्। साबथ पालन गर्ने मामिलामा यहूदीहरूभन्दा सेभेन्थ-डे एडभेन्टिस्टहरूको निम्ति नौलो विषय हो भनेर बुझ्नुपर्छ।

२. यहूदीहरूकहाँ पुग्न अरू सबै इसाई समूहहरूभन्दा सेभेन्थ-डे एडभेन्टिस्टहरू अग्रपङ्क्तिमा किन रहनुपर्दछ र त्यस मामिलामा सेभेन्थ-डे एडभेन्टिस्टहरू किन सफल हुनसक्छन्? यदि तपाईंको समाजमा कोही यहूदीहरू छन् भने तिनीहरूकहाँ पुग्न तपाईं र तपाईंको चर्चले कस्तो प्रयास गरिरहेको छ र गर्नसक्छ?

३. बाइबलको समयमा यहूदीहरूले धेरै भुल गरेका थिए। तिनीहरूबाट हामी के सिक्नसक्छौं? आज तिनीहरूले गरेका भूलहरूलाई नदोहोऱ्याऔं भनेर हामीले के सतर्कता अपनाउनुपर्दछ?

कथा ११

## तीन प्रार्थनाहरू

### नादियेझडा राया, ५४(माल्दोभा)

मेरो श्रीमान र म सेभेन्थ-डे एडभेन्टिस्ट चर्चको नजिक रहन्थ्यौं। प्रायजसो मानिसहरू बाटोमा हिंडिरहको मैले देख्थें। तिनीहरूमा कतिपयले आफ्नो छातीमा बाइबल च्यापेर हिंड्दथे। बाइबलमा के लेखिएकोछ सो थाहा नभएको हुँदा मेरो जीवनमा केही न केही कमी भएको महसुस गर्न थालेकी थिएँ। त्यो समय सोभियत युनियन ढल्न लागेको थियो र माल्दोभामा बाइबल हतपत पाइन्दैनथ्यो र हामीसँग पनि बाइबल थिएन।

बाइबलमा लेखिएको कुरा सिक्न कसैलाई नभनिकन गुपचुपमा एक एडभेन्टिस्ट परिवारलाई भेट्न गएँ र तिनीहरूले बाइबलबाट पढेको मैले सुनें। मेरो शहरका मानिसहरू एडभेन्टिस्टहरूलाई गिल्ला गर्नेभएकोले म बाइबल सुन्न जाँदैछु भनेर कसैलाई भनेको थिइँन।

### अर्थोडोक्सभन्दा भिन्नै बाइबल

केही समयपछि एडभेन्टिस्ट परिवारसँग बाइबल मागें र तिनीहरूले मलाई एउटा बाइबल दिए। प्रत्येक पानामा साबथको बारेमा लेखिएको जस्तो मैले देखेकोले मैले भनें यो हामीले चलाउने बाइबल होइन। अर्थोडक्स मान्ने मेरा छिमेकीहरूले आइतबार मान्थे र यस बाइबलमा शनिबारको दिन साबथ भनेर लेखिएको हुँदा कुनचाहीं दिन ठीक हो भनेर मैले ठम्याउन उत्सुकता जनाए।

मैले आमालाई सोधें कुनचाहीं दिन साबथ हो तर नजिकको सहरमा रहेको अर्थोडक्स पादरीकहाँ (इसाई सम्प्रदाय) जाऊ भन्नुभयो। उनी असल पादरी हुन् र उनले मेरो प्रश्नको जवाफ दिनेछन् भनेर उहाँले मलाई भन्नुभयो।

### पादरीसँग छलफल

मैले उक्त पादरीलाई भेटें र अनुरोध गरें, "म बाइबल किन्न आएको हुँ। मसँग एडभेन्टिस्ट बाइबल छ र तपाईंमा भएको अर्थोडक्स बाइबल र त्यो बाइबल तुलना गरेर पढ्न चाहन्छु।" पादरीले कसैलाई बाइबल ल्याउन अऱ्हाए। जब हामी पर्खिरहेका थियौं तब मैले पादरीसँग सोधें, "कुनचाहीं दिन

आराधना गर्ने दिन हो भनेर बाइबलले के भन्छ?" उनले भने, "तिमीले बाइबल किन्न आएका हौ। तिमी आफै पढेर हेर।"

"होइन, मलाई भन्नुहोस् न। म तपाईंबाटै सुन्न चाहन्छु।" मैले उनीसँग बिन्ति गरें। तर उनले सरल तरिकाले जवाफ दिन अस्वीकार गरे।

आखिरमा एक जनाले बाइबल ल्यायो। मैले त्यस पादरीलाई ३० रुबल पैसा दिएँ। त्यसबेला त्यो पैसा धेरै थियो। जब म अर्थोडक्स चर्चबाट बाहिर निस्कें तब मलाई केही डर लाग्यो। त्यतिका पैसा तिरेर बाइबल किन्दा मेरो श्रीमानले मलाई के गर्लान् भनेर डराउन थालें।

म घरमा तुरन्त गइँन तर आमाको घरमा गएँ। बाटोमा मैले मेरो दाजुलाई भेट्टाएँ र उनलाई सबै कुरा बताएँ। बाटैमा हामीले दुवै खालका बाइबलहरू तुलना गर्‍यौं। दुवै बाइबलमा भएका पदहरू एकै खालका थिए। "ओहो, मसँग बाइबल छन्दा छन्दै त्यतिका पैसा तिरेर अर्को बाइबल मैले किन किनें भनेर मैले आफूलाई धिकार्न थालें। मेरो श्रीमानले यो कुरा थाहा नपाओस् भनेर मैले प्रार्थना गरें।

केही समयपछि मेरो दाइले बाइबल किन्न चाहेको बताउनुभयो र उहाँले ३० रूबल मलाई दिएर बाइबल लिनुभयो। परमेश्वरले मेरो प्रार्थना त्यति छिट्टो सुन्नुहोला जस्तो मलाई लागेको थिएन।

## आनकानी गर्ने श्रीमान

मैले एडभेन्टिस्टतिर चासो देखाएको मेरो श्रीमानले मनपराउनुभएन। हामी कुनै पनि चर्चमा जाँदैनथ्यौं। कुनै पनि चर्चमा अहिले गएको उहाँले चाहनुभएको थिएन। मैले प्रार्थना गर्न थालें।

तर म एडभेन्टिस्ट चर्चमा जान थालें र केही समयपछि बप्तिस्मा लिएँ। त्यसबेला मेरो श्रीमानको छाती र पिठ्युँमा नराम्रो फोका फोका उठ्न थालेको थियो। हेर्दा यो अत्यन्त डरलाग्दो थियो। जब जब मैले त्यो घाऊ धोएँ तब तब मैले प्रार्थना गर्न थालें। मेरो आँसु उनको पिठ्युँमा झारेर प्रार्थना गर्न थालेको मलाई याद आउँछ, "यो मेरो श्रीमान हो। म उहाँलाई माया गर्छु। उनको रोग निको पारिदिनुहोस्।"

केही समयपछि जब एक दिन उनको फोको सफा गर्न मैले उहाँको लुगा खोलेको थिएँ र मैले चिच्च्याएर कराएँ, "तपाईंको फोको के भयो?"

मेरो श्रीमानले जवाफ दिए, "मलाई थाहा छैन!" फोको निको भइसकेको थियो। त्यसपछि, म चर्च जान थालेकोले मेरो श्रीमान मसँग रिसाएको र सो को बारेमा उनले सोच्न थाले। एक रात उनले येशू दोस्रो पल्ट आउनुभएको सपना देख्नुभयो। पृथ्वी हल्लिएको उहाँले अनुभव गर्नुभयो। तुरन्तै उठेर मलाई भन्नुभयो, "के बप्तिस्मा लिने मेरो समय अझै छ?"

मेरो दोस्रो प्रार्थना परमेश्वरले सुन्नुभयो। मैले बप्तिस्मा लिएको दश वर्षपछि मेरो श्रीमानले बप्तिस्मा लिनुभयो।

## मेरो पुरानो साथी

मेरो स्कुलमा पढ्ने मेरो प्यारो पुरानो साथीको निम्ति मैले प्रार्थना गर्न थालेको थिएँ। उनलाई नदेखेको २० वर्ष भइसकेको थियो। उनले पनि येशूमा मुक्ति पाउन् भनेर मैले प्रार्थना गर्दै थिएँ। एक दिन चर्चको मुख्य कार्यालयमा कुनै बिशेष उत्सबको निम्ति हामी मोल्दोभाको राजधानीमा गयौं। त्यसबेल मेरो पुरानो साथी मकहाँ आइन्। अचम्म मानेर मैले सोधें, "यी सबै एडभेन्टिस्टहरूको बीचमा तिमी के गरिरहेको?" उनले जवाफ दिइन्, "म पनि एडभेन्टिस्ट हुँ।" "कसरी?" मैले सोधें।

उनले जवाफ दिइन्, "२० वर्ष अघि तपाईंले मलाई भन्नुभएको थियो कि एडभेन्टिस्ट चर्च ठीक चर्च हो।" "यो त हुनै सक्दैन। त्यसबेला एडभेन्टिस्टको बारेमा मलाई थाहा थिएन" मैले भनें। मैले नै एडभेन्टिस्ट चर्चको बारेमा परिचय गराएँ भनेर उनले जिकिर गरिन्।

त्यसबेला सायद मैले क्रिश्चियनहरूको बारेमा उनलाई भनेको थिएँ होला। तर परमेश्वरले नै हस्तक्षेप गरेर उनले क्रिश्चियनको सट्टा एडभेन्टिस्ट सुनिन् होला। त्यो मात्र हुन सक्छ। मैले उनको निम्ति प्रार्थना गरेको २० वर्ष अघि नै उनको मुक्तिको प्रार्थना परमेश्वरले सुन्नुभएको थियो।यो प्रार्थनाको शक्ति हो।

(**माल्दोभाको बारेमा जानकारीः** माल्दोभा युरोपको सबभन्दा गरिब देशहरूमा एक हो। यहाँको पेशा किसानी हो। उनीहरू रोमानियन भाषा बोल्छन्। यो इटाली, फ्रेन्च, स्पानिश र पोर्टुगिज भाषासँग जोडिएको छ। यस देशको राजधानी क्रिशिनाउ हो। त्यहाँ करिब ५ लाख मानिसहरू बस्दछन्। ट्रियन्टा भन्ने कुष्टी राष्ट्रिया खेल हो।)